फाल्गुनन्द गाउँपालि...

# गाउँ कार्यपालिकाको कार्यालय

## फा.केप. पाँचथर

स्थापना:२०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक)

---

बैठक सुरू समयः दिनको २:०० बजे

बैठक संख्याः१४

बैठकको अध्यक्षताः वृज हाङ आङ्देम्बे

उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बृज हाङ आङ्देम्बे | अध्यक्ष | |
| २ | श्री ठाकुर सि. नेम्बाङ | उपाध्यक्ष | |
| ३ | श्री होम प्रसाद आङ्देम्बे | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सन्तोष कुमार नेम्बाङ | २ नं. वडाध्यक्ष | |
| ५ | श्री धन कुमार तामाङ | ३ नं. का.वा.वडाध्यक्ष | |
| ६ | श्री दल बहादुर नेम्बाङ | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री विष्णु कुमार चेम्जोङ | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री नारायण प्रसाद आङ्देम्बे | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री देउ कुमार आङ्देम्बे | ७ नं. वडाध्यक्ष | |
| १० | श्री बिमला लिम्बु | सदस्य | |
| ११ | श्री आइतिमाया लिम्बु | सदस्य | |
| १२ | श्री कमला पराजुली दुलाल | सदस्य | |
| १३ | श्री हर्कमाया नेपाली | सदस्य | |
| १४ | श्री टंक परियार | सदस्य | |
| १५ | श्री जसिमाया कमिनी | सदस्य | जसी |
| १६ | श्री देवी तुम्नापो (प्र.प्र.अ.) | सदस्य सचिव | |

Email:ito.phalgunandamun@gmail.com

फाल्गुनन्द गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर

स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक)

---

फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३।०३।०३ गते बसेको १४ औं बैठकका निर्णयहरू:

| निर्णय नं. | निर्णयको व्यहोरा | सम्वन्धित शाखा/वडा | अन्य |
|---|---|---|---|
| १ | आ.व.२०८३।०८४ को नीति तथा कार्यक्रम र बजेट मिति २०८३।०३।१० गते गाउँसभाको २०औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो। | गाउँसभा सचिवालय | |
| २ | आ.व.२०८१।०८२ र ०८२।०८३ को सार्वजनिक सुनुवाई कार्यक्रम फाल्गुनन्द गाउँपालिका वडा नं.५ को वडा कार्यालयमा मिति २०८३।०३।०७ गते गर्ने निर्णय गरियो। | सामान्य प्रशासन शाखा | |
| ३ | आ.व.२०८३।०८४ को लागी फाल्गुनन्द गाउँपालिका भित्रका जग्गाको न्युनतम मूल्याङ्कन गत आ.व.२०८२।०८३ कै मुताविक कायम गरी भूमि प्रशासन कार्यालय फिदिम पाँचथरमा लेखि पठाउने निर्णय गरियो। | नापी शाखा | |
| ४ | नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय सडक विभाग संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय इटहरी सडक डिभिजन ईलामले मेची राजमार्ग( जोरकलश-फिक्कल-इलाम-राँके-हेवाखोला-गोपेटार-कावेली-सुकेटार) सडक खण्डको सडक सीमा खाली गर्ने सम्बन्धी मिति २०८३।०२।१३ जारी गरेको सूचना सम्बन्धमा गम्भिर समिक्षा गरियो। सो सम्बन्धमा प्रकाशित सार्वजनिक सूचना बमोजिम सडक ३० मिटर कायम गरेर जाँदा यस गाउँपालिकाको आर्थिक र रणनीतिक हिसाबले महत्वपूर्ण मूख्य मूख्य बजारहरू राँके र पौवा भन्ज्याङ लगायतका बजारहरू अत्यन्त प्रभावित हुने र त्यसवाट गाउँपालिकालाई गम्भिर आर्थिक र सामाजिक प्रभाव पर्न सक्ने संभावना भएकाले यस सूचनालाई तत्काल कार्यन्वयनमा लान | | |

Email:ito.phalgunandamun@gmail.com

| | | | |
|---|---|---|---|
| | नसकिने निर्णय गरियो र गाउँपालिकाको तर्फबाट सार्वजनिक विज्ञप्ति जारी गर्ने सर्वसम्मत निर्णय गरियो । | | |
| ५ | नेपाल तेक्वान्दो संघ जिल्ला कार्यसमिती पाँचथरलाई प्रथम पाँचथर तेक्वान्दो च्याम्पियनसिप प्रतियोगिता-२०८३ सञ्चालनार्थ रू.२०,०००।० सहयोग गर्ने निर्णय गरियो । | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| ६ | नेपाल तरूणदल जिल्ला कार्य समिती पाँचथरलाई तरूण गोल्ड कप सञ्चालनका लागी रू.२०,०००।– प्रदान गर्ने निर्णय गरियो । | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| ७ | कफी खेती प्रवर्दन कार्यक्रम कार्यन्वयन कार्यविधी,२०८३ लाई स्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय गरियो । | कृषी विकास शाखा | |
| ८ | अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्ययोजना कार्यन्वयन गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भर्ना सुनिश्चीतता । सिकाई निरन्तरता कार्यक्रमलाई कार्यन्वयन गर्ने सम्बन्धमा आवश्यक प्रकृया अगाडि बढाउन शिक्षा, युवा तथा खेलकुद शाखालाई अनुमती प्रदाम गर्ने निर्णय गरियो । | शिक्षा, युवा तथा खेलकुद शाखा | |